# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प. सं. : २०७७/७८
च. नं. :

चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल


मिति : २०७८।०२।१५

## गणतन्त्र दिवस २०७८ को शुभकामना सन्देश

संघीय लोकतन्त्रिक गणतन्त्र नेपालको स्थापना भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान स्वरुप आज गणतन्त्र दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदि वहिनीहरुमा सुःख, शान्ती, प्रगती र समृद्धिका साथै सहकार्य एवं आपसी सद्भावना कायम हुन सकोस् भनी हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

कोरोना महामारी (Covid-19) का कारण दिवंगत हुनुभएका सम्पुर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । कोरोना संक्रमितहरुको स्वास्थ्य लाभको कामना गर्दै अग्र पंक्तिमा खटिने स्वास्थ्यकर्मी, प्रहरी तथा कर्मचारीहरुको उच्च सम्मान गर्दछु । सबै मिलेर यस महामारीबाट चाँडै नै देशलाई मुक्त गर्नेछौं भन्ने विश्वास पनि गर्दछु ।

यसै अवसरमा गणतन्त्र नेपालको स्थापना गर्न आफ्नो जीवन उत्सर्ग गर्ने महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । वेपत्ता, घाईते र अपाङ्ग प्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

आजको यस दिनले राष्ट्रिय एकताको जगमा शान्त, समुन्नत र समृद्ध संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणमा थप प्रेरणा र यस प्रति सबै नेपाली संकल्पीत हुने विश्वास लिएको छु ।

अन्त्यमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको जगेर्ना र राष्ट्रिय हित, एकता र समृद्धि तर्फ केन्द्रित हुन यस पालिका का सबै राजनैतिक दल र पालिका वासी दाजुभाई तथा दिदि बहिनीहरु लाई म आह्वान गर्दछु । सम्पुर्णको उत्तरोत्तर प्रगतिको कामना गर्दै सहकार्य एवं आपसी सद्भाव कायम हुन सकोस् भनी हार्दिक शुभकामना ब्यक्त गर्दछु।

१५ जेठ २०७८

कमल बहादुर गड्सिला
अध्यक्ष

कमल बहादुर गडसिला
गा. पा. अध्यक्ष